नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं

**विषय: राष्ट्रिय खेलकुद प्रतिभा सम्मानका लागि आवेदन पेश गर्न म्याद थप गरिएको ।**

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको आ.व. २०७६।०७७ को स्वीकृत वार्षिक कार्यक्रम अन्तगर्त खेल क्षेत्रमा उत्कृष्ट कार्य गर्ने खेलाडी, खेल प्रशिक्षक, खेल निर्णायक, खेल व्यवस्थापक, खेल चिकित्सक, राष्ट्रिय खेल संघ तथा खेल प्रायोजकहरुमध्येबाट छनौट भएका उत्कृष्ट खेल प्रतिभाहरुलाई जनही रु.१ लाखका दरले १० जनालाई नगद पुरस्कार तथा सम्मान पत्रबाट सम्मान गर्ने कार्यक्रम रहेकाले योग्य खेलाडी, खेल प्रशिक्षक, खेल निर्णायक, खेल व्यवस्थापक, खेल चिकित्सक, राष्ट्रिय खेल संघ तथा खेल प्रायोजकहरुमध्येबाट राष्ट्रिय खेलकुद प्रतिभा सम्मान कार्यविधि (संशोधनसहित), २०६८ को अनुसूचि २ र ३ बमोजिमको प्रक्रिया पूरा गरी आवश्यक विवरण सहित खेलकुद प्रवर्द्धन शाखामा आवेदन पेश गर्न मन्त्रालयको मिति २०७६।०५।०३ गतेको निर्णयानुसार मिति २०७६ भदौ १७ गते सम्म पुनः १५ दिनको म्याद थप भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी तथा म्याद नाघी प्राप्त आवेदन छनौट प्रक्रियामा समावेश गरिने छैन। विस्तृत जानकारीको लागि खेलकुद प्रवर्द्धन शाखाको फो.नं. ०१–४२००५५० मा सम्पर्क गर्न तथा मन्त्रालयको Web-site www.moys.gov.np मा पनि हेर्न सकिनेछ।